# सम्पदा संरक्षण, संलग्न संस्था र देखिएका समस्याहरू

– शोभा श्रेष्ठ

## भूमिका

नेपाली संस्कृति र सभ्यताको निधिको रूपमा रहेका हाम्रा ऐतिहासिक तथा धार्मिक स्मारकहरू, पुरातात्त्विक स्थलहरू, कलात्मक तथा पुरातात्त्विक वस्तुहरू, धार्मिक नाच, जात्रा, रीतिरिवाज तथा पर्वहरू सबैको संरक्षण गर्नु आजको चिन्तनको विषय हो । हाम्रो देशको भौतिक तथा साँस्कृतिक सम्पदाको रूपमा रहेका वास्तुकला, मूर्तिकला, ऐतिहासिक वस्तुहरू, स्मारकहरू, निजी ऐतिहासिक घर भवनहरू तथा अभिलेखहरूले तत्कालिन जीवनशैली र संस्कृतिको परिचय दिएको छ । हाम्रो देशमा यस्ता अमूल्य साँस्कृतिक भण्डारहरू अनगिन्ती रूपमा विद्यमान छन् । जुन नेपाली मात्रको गौरव, प्रतिष्ठा र इज्जत हो र यसको संरक्षण गर्नु सम्पूर्ण नेपालीको जिम्मेदारी पनि हो । नेपाली संस्कृति, तथा सभ्यताका रूपमा रहेका ऐतिहासिक तथा धार्मिक स्मारकहरू पुरातात्त्विक स्थल तथा वस्तुहरू, धार्मिक नाचगान तथा परम्परागत रीतिरिवाजहरूले नेपाल अधिराज्यको सर्वाङ्गीण विकासको लागि महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । देशमा रहेका प्राचीन सम्पदाहरूको संरक्षण तथा जीर्णोद्धारबाट एकातिर राष्ट्रको अमूल्य साँस्कृतिक धरोहरहरूको संरक्षण हुन्छ भने अर्कोतिर यसले पर्यटन उद्योगको विकासमा ठोस योगदान पुऱ्याएको हुन्छ ।

यस प्रकारका पुरातात्त्विक स्मारक तथा ऐतिहासिक वस्तुहरू नेपाल अधिराज्यभरि छरिएर रहेका छन् । यी सम्पदाहरूको संरक्षण गर्नु हामी सबैको जिम्मेवारी हो तापनि श्री ५ को सरकार पुरातत्त्व विभागलाई जिम्मेवार निकाय तोकेको हुनाले यस विभागले विशेष ध्यान पुऱ्याउनु परेको छ । प्राचीन स्मारकहरूको संरक्षण तथा संचालन गर्ने विभिन्न निकायहरू जस्तैः- राजगुठी, छुटगुठी, निजी दाताहरूको दायित्व भए तापनि यी निकायहरू विभिन्न कारणले निश्कृय र उदाशीन हुनुका साथै आफ्नो दायित्वलाई सीमित गर्दै लैजाने परम्पराको विकास भएकोले अधिराज्यको पचहत्तरै जिल्लामा रहेका स्मारकहरूको संरक्षण सम्वर्द्धन गर्ने सम्पूर्ण दायित्व पुरातत्त्व विभागको हुन थालेको छ ।

## स्मारक भग्न हुने कारण

हामी सम्पदा संरक्षणको कुरा गर्दा यी सम्पदाहरूको नास हुने कारणमा पनि ध्यान पुग्न जान्छ । धेरै कारणहरू मध्ये खास गरी प्राकृतिक र मानविय कारणलाई लिन सकिन्छ । प्राकृतिक कारण भन्नासाथ हामी १८९०/१९९० को महाभूकम्पलाई बिर्सन सक्दैनौं । १८९० को भुकम्पको आँकडा (लागत) नभए तापनि १९९० सालको महाभुकम्पमा

काठमाडौंको ५६ स्मारकहरू, ललितपुरका २५९ स्मारकहरू र भक्तपुरका १७७ स्मारकहरू बिग्रेको तथ्याङ्क पाइन्छ । ती मध्ये कति बने कति बन्न सकेन र बनेको पनि आफ्नो स्वरूपमा बने बनेन भन्ने तर्फ हामीले विश्लेषण गर्नु भन्दा पनि यस समयमा त्यस्तो परिस्थितिमा जे जति बनाइयो त्यसको हामीले दाता प्रति आभार व्यक्त गर्नु पर्छ । त्यसबखत जीर्णोद्धार हुँदा तीनवटा छानालाई एउटामा, एउटा छानालाई गुम्बजमा गरी जे जसरी सकियो संरक्षण गरेको विवरण पाइन्छ । (नेपाल महाभूकम्प ब्रम्ह शम्सेर)

अहिले पर्यावरण (Climatic Condition) ले पनि स्मारकहरूको क्षति हुनमा सघाउ पुऱ्याइरहेको छ । त्यस्तै स्मारकहरूको भग्न हुनुमा मानविय कारणहरू पनि उत्तिकै महत्त्वपूर्ण छ । त्यसमा खासगरी तोडफोड, संरक्षण कार्यमा अनुत्तरदायी र बढ्दो शहरीकरण प्रमुख रहेको छ । हाम्रा यी नाजुक सम्पदाहरू विभिन्न समयमा भएको भुकम्प, सामाजिक तथा राजनैतिक चापहरूको मारबाट बचेका पाइएका छन् । तर प्रश्न उठ्छ के यी सम्पदाहरूलाई अहिले भइरहेको अनियन्त्रित शहरीकरणबाट बचाई राख्न सकिएला ? स्मारकसँगै ठूलाठूला भवन निर्माण, विद्युत र टेलिफोनको तारहरू जताततै झुन्डिनु, सडक विस्तार हुनु आदि ।

## स्मारकहरूको संरक्षण गर्ने परम्परा

हाम्रा स्मारकहरूको संरक्षण गर्ने परम्परा प्राचीन समयदेखि नै प्रचलनमा रहेको पाइन्छ । लिच्छवि समयमा यो काम गर्ने संस्थालाई गोष्ठी भनिन्थ्यो र यही गोष्ठीबाट संरक्षण सम्बन्धी काम हुन्थ्यो । मल्लकालमा आएर संरक्षण गर्ने निकायको अलि विकास भएको पाइन्छ । नियमित सरसफाई, मर्मत सम्भार गर्ने गुठीहरू बने । शाहकालमा आएर यी सम्पूर्ण काम गर्न छेमभडेल अड्डाको स्थापना गरियो । यसको काम दरबारहरू र सार्वजनिक स्मारक तथा भवनहरूको जीर्णोद्धार मर्मत गर्नु थियो । पछि उक्त अड्डा, राजगुठी तथा छुट गुठी सबैले गर्ने कामहरू गर्न २०२१ सालमा गुठी संस्थानको स्थापना भएको हो । जुन समयमा यी स्मारकहरूको निर्माण भयो त्यस बखत दाताहरूले पुजापाठ, जात्रापर्व संचालन गर्न रेखदेख तथा मर्मत सम्भार गर्न व्यवस्थित ढंगबाट गुठी जग्गाहरू राख्ने गरेको कुरा शिलापत्र, अभिलेख र अन्य दस्तावेजबाट थाहा पाइन्छ । तर अहिले ती जग्गाहरू सबै कहाँ छन्, कसले उपभोग गरिरहेका छन् भन्ने कुरा सम्पूर्ण स्मारकहरूको स्वामित्त्व बोकेर बसेको गुठी संस्थानले पनि प्रष्ट रूपमा भन्न सक्ने स्थिति छैन ।

## पुरातत्त्व विभागको कार्य क्षेत्र

श्री ५ को सरकारको विकास योजनामा पुरातत्त्व विभागले गर्नु पर्ने कार्यहरूको लागि ज्यादै सीमित मात्रामा बजेट विनियोजित हुने भएकाले कार्य क्षेत्रको तुलनामा लगानी रकम धेरै कम भएकोले रकम र कार्यमा सामञ्जस्य स्थापित गर्न विभागलाई धेरै कठिनाई परेको छ । तर पनि प्राप्त श्रोत र साधनबाट सकेसम्म बढी कामहरू संचालन गर्ने तर्फ विभागको कोशिश रहेको छ ।

यता केही वर्षदेखि साँस्कृतिक सम्पदा संरक्षण कार्यमा लगानी रकमको अनुपातमा केही वृद्धि हुँदै आएको छ । तर पनि पचहत्तर जिल्लामा रहेका स्मारकहरूको संरक्षण गर्न विगत चार वर्षमा विकास तर्फको राष्ट्रिय वार्षिक बजेटको के कति प्रतिशत रकम यस क्षेत्रमा लगानी भएको छ संलग्न तालिकाबाट प्रष्ट हुने छ ।

| आ.व. | विकास तर्फको राष्ट्रिय बजेट (रू. हजारमा) | यस विभागको विकास बजेट (रू. हजारमा) | राष्ट्रिय विकास बजेटको अनुपातमा विभागको विकास बजेटको प्रतिशत |
|---|---|---|---|
| ०५४/५५ | ३४०,३८,८४८ | ५७,२८० | ०.१६८५ |
| ०५५/५६ | ३,७७,४१,१५३ | ५४,७४० | ०.१४५५ |
| ०५६/५७ | ४,१८,५१,८९४ | ४६,२२५ | ०.११०५ |
| ०५७/५८ | ४,८१,०८,५८९ | ४९,५०० | ०.१०२९ |

यसरी रकम र जीर्णोद्धार गरिने स्मारकहरूमा सामञ्जस्यता मिलाउन विभागले पचहत्तर जिल्लामा गरेको सर्भेक्षण प्रतिवेदन, विभिन्न सरकारी र गैर सरकारी संस्था, प्रतिनिधि सभा र राष्ट्रिय सभाका सांसदज्यूहरूबाट प्राप्त निवेदनहरू, प्राविधिकबाट स्थलगत निरीक्षण गरी दिएको प्रतिवेदनहरू, मन्त्रीज्यूहरूबाट तोक आदेश भई आउने निवेदनहरू अध्ययन गरी, आवश्यकता अनुसार प्राविधिकहरूलाई अध्ययन गराई प्राथमिकताको आधारमा स्मारकहरूको छनौट गरिन्छ। यसरी प्राथमिकता तोक्दा स्मारकको ऐतिहासिक महत्त्व, वास्तुकलाको महत्त्व, ठाउँ विशेषको महत्त्व र कुनै समयलाई प्रतिनिधित्व गरेको र भग्न अवस्थामा रहेको आदि कुरामा ध्यान दिइन्छ। तर कहिले काहीँ महत्त्वपूर्ण नभएका गर्नु नपर्ने स्मारकहरूको संरक्षण गर्नु पर्ने बाध्यता पनि हुन्छ।

## संरक्षण प्रकृया

स्मारकहरूको संरक्षण गर्दा त्यसको मौलिक स्वरूपलाई यथावत राखी गर्नु पर्ने हुन्छ। मौलिक स्वरूप भन्दा नाप नक्सा तथा आकार प्रकारलाई कायम राख्ने तिर मात्र ध्यान दिने होइन की त्यसमा कुन प्रकारको सामाग्रीहरू प्रयोग भएका छन्। कुन प्रविधि अपनाइएको छ। त्यसलाई पनि ध्यान दिनु आवश्यक छ। जस्तैः- ईटाहरूको आकार, प्रकार त्यहाँ प्रयोग गरिएका मसलाहरू, ढुंगा, काठको काम आदिलाई समेत दृष्टि पुऱ्याउनु आवश्यक छ। यसरी जीर्णोद्धार गर्दा पुरानो बुट्टेदार काठहरू (टुंडाल, तोरण, मेथ, थाम) पनि सबै फेर्नु आवश्यक छैन। कीरा लागेर अति जीर्ण अवस्थामा रहेमात्र फेरिन्छ अन्यथा रसायन संरक्षण गरी consolidate गरेर पुनः प्रयोग गरिन्छ। तर भारवहन काठहरू जस्तै- निदाल, धुरी आदिमा भने बडो ध्यान पुऱ्याउने गरिन्छ। विभिन्न निकायबाट गरिने जीर्णोद्धार कार्यमा एउटा के परम्परा हामीहरू पाउँछौं भने जीर्णोद्धार भएको बेलामा सम्पूर्ण नयाँ गर्ने, फेर्नु नपर्ने काठ आदि पनि फेर्ने। यो हुनुमा पनि कारण छ किनभने सबैलाई यहि लाग्दछ जीर्णोद्धार गर्दा राम्रो, बलियो गर्ने, यस्तो भावना सबैमा हुनु राम्रो हो तर त्यसबाट एउटा नकारात्मक प्रभाव पर्न सक्दछ। किनकी पुरातात्त्विक सिद्धान्तमा जीर्णोद्धार गर्दा बढी से बढी पुरानो सामान प्रयोग गर्ने, यसरी प्रयोग गर्न नसकिने अवस्थामा मात्र पुरानै ढाँचाको नयाँ लगाउने। स्मारक संरक्षणहरू गर्दा के कसरी गर्नु पर्छ भन्ने बारेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संरक्षणविद्हरूको विभिन्न समयमा विभिन्न ठाउँमा सभा सेमिनार भएको छ। तर इटालीको Venice मा सन् १९६४ मा बसेको बैठकले गरेको निर्णय जसलाई Venice Charter भनिन्छ। त्यसलाई नै बढी आधारको रूपमा लिने गरिन्छ, त्यसमा संरक्षण गर्ने बारेमा यसरी उल्लेख गरिएको छ।

The process of restoration is a highly specialised operation. Its aim is to preserve and reveal the aesthetic and historic value of the monument and is based on respect for original material and authentic document. It must stop at a point where conjecture begins and in the case moreover any extra work which is in dispensible must be distinct from the architectural composition and must bear a contemporary stamp.

Replacement of missing parts must integrate harmoniously with the whole but at the same time must be distinguishable from the original so that restoration does not falsify the artistic and historic evidence.

Additions can not be allowed except in so far as they do not detract from the interesting parts of the building, its traditional setting, the balance of its composition and its relation with its surroundings.

## संरक्षण कार्यमा संलग्न स्थानीय निकायहरू

यता केही समयदेखि नगरपालिका, वडा कार्यालय तथा स्थानीय निकाय र स्थानीय जनताहरू पनि सम्पदा संरक्षण कार्य गर्न जागरूक र उत्साहित भएको पाइएको छ। त्यो एउटा उत्साहजनक प्रगति हो। तर यसमा समस्या के देखिएको छ भने पुरातात्त्विक मापदण्डलाई त्यतिको ध्यान

दिएको पाइदैन । दची अपाको बदलामा सिमेन्ट प्लाष्टर गर्ने, मन्दिरको गाह्रोहरूमा टाइलहरू तथा मार्वलहरू टाँस्ने, इनामेल पेण्ट गर्ने जस्ता कार्यहरू भएको पाइन्छ किनकी झिलीमिली रङ्गीचङ्गी भए राम्रो हुन्छ भन्ने जन धारणा पाइन्छ । प्राचीन स्मारक संरक्षण ऐन अनुसार कुनै पनि मठ मन्दिर, पाटी पौवा, आदि स्मारकहरूको मर्मत सम्भार तथा जीर्णोद्धार कार्य गर्न विभागको स्वीकृति लिनु पर्ने कानूनी प्रावधान भए पनि त्यस्तो स्वीकृती नलिई आफू खुशी स्वरूप नै बदलेर जीर्णोद्धारका नाउँमा पूर्ण रूपले नयाँ निर्माण गरेको उदाहरण पाइन्छ । विभागले मौलिक स्वरूप कायम गरी जीर्णोद्धार गर्न आवश्यक स्वीकृति दिएर पठाए तापनि काम गर्दा सो विपरित गरेको उदाहरण धेरै पाइन्छ ।

## संरक्षण कार्यमा संलग्न वैदेशिक निकायहरू

स्मारक संरक्षण कार्यमा स्थानीय निकायहरूको अलावा विभिन्न मित्र राष्ट्र तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूको पनि संलग्नता रहेको छ । हाम्रा यी स्मारकहरूको संरक्षण कार्यमा युनेस्को नै पहिलो अन्तर्राष्ट्रिय संस्था हो जसको संलग्नतामा सत्तरीको दशकमा हनुमानढोका दरवारहरूको जीर्णोद्धार कार्यहरू भएको थियो । त्यसपछि भक्तपुरको पुजारीमठको जीर्णोद्धारमा जर्मन सरकारको संलग्नता रहेको थियो । खास गरी पुजारी मठको जीर्णोद्धार परियोजना जर्मन सरकारबाट स्व. श्री ५ वीरेन्द्र तथा स्व. श्री ५ वडामहारानी ऐश्वर्यको शुभविवाहको उपलक्ष्यमा उपहार स्वरूप प्रदान गरिएको हो । त्यसपछि पनि जर्मन सरकारको सहयोगमा भक्तपुरमा लामो समयसम्म भक्तपुर विकास परियोजनाको नाउमा जीर्णोद्धार कार्यक्रम तथा विकास सम्बन्धी एकिकृत कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यलाई निरन्तरता दिन नै श्री ५ को सरकारबाट भक्तपुरमा स्मारक संरक्षण तथा दरवार हेरचाह कार्यालयको स्थापना गरिएको र सो कार्यालयबाट भक्तपुर क्षेत्रको स्मारकहरूको जीर्णोद्धार तथा संरक्षण गर्ने गरेको छ । सन् १९७९ मा युनेस्कोले काठमाडौं उपत्यकाको सात क्षेत्रलाई विश्व सम्पदा सूचीमा समावेश गरिए पछि यहाँ रहेको स्मारहरूको संरक्षण कार्यमा सघाउ पुऱ्याउन युनेस्कोले Safeguarding Cultural Heritage of Kathmandu Valley को लागि International Campaign को आह्वान गरेको थियो । यसको लगत्तै असिको दशकदेखि नब्वेको पूर्वार्द्धसम्ममा विभिन्न मित्र राष्ट्र, दातृ संस्थाहरूबाट स्मारक संरक्षण कार्यका लागि आर्थिक तथा प्राविधिक सहयोग प्राप्त भई यस क्षेत्रमा धेरै कामहरू पनि भएका थिए । त्यस अनुपातमा अहिले मित्रराष्ट्र तथा दातृ संस्थाको सहयोग न्यून रहेको छ ।

यसरी एकातिर यस प्रकारको सहयोगबाट स्मारकहरूको संरक्षण कार्यबाट सघाउ पुगेको छ भने अर्कोतिर अदृष्य रूपमा आइरहने दातृपक्षको दवाव पनि नकार्न सकिंदैन । यी दातृ संस्था अथवा युनेस्को आफैले पनि विश्व सम्पदा क्षेत्रमा रहेका स्मारकहरू सिमेन्ट र डण्डीहरू प्रयोग गरी रिङ्ग विम राखी कन्क्रीट ढलान गरी जीर्णोद्धार गरेको उदाहरण नपाइएका पनि होइन । अहिले आएर यी संस्थाहरूबाट विश्व सम्पदा क्षेत्रको निजी घरहरूमा समेत सिमेन्ट लगाउन नपाउने, टप निकाल्न नपाइने, ढलान गर्न नपाइने, जीर्ण अवस्थामा रहेका घरहरू पनि नभत्काई यथास्थितिमा जीर्णोद्धार गर्नु पर्ने गरी बन्देज लगाउन दवाव दिने गरिएको छ । यसो नगरेमा विश्व सम्पदा सूचीलाई खतराको सूचीमा राख्ने धम्की पनि दिने गरेको छ । उनीहरूले औंल्याएका कति कार्यहरू गरी सकिएको छ तापनि निजी ऐतिहासिक घरहरू भत्कायो अथवा टप निकाल्यो भन्ने कुरालाई ठूलो समस्याको रूपमा देखाउने गरेको छ । यो बन्देज कतिको व्यवहारिक छ त्यतातिर भने कसैले ध्यान दिएको देखिदैन । जनसंख्याको बढी प्रतिशत आर्थिक रूपमा सम्पन्न नभएको र धेरैले आफ्नो जीवनभर लगाएर कमाएको रकमबाट एउटा घर बनाउने गरेको सन्दर्भमा यसरी बन्देज लगाएकै कारणबाट पनि स्थानीय जनताबाट हामीले पाउनु पर्ने आवश्यक सहयोग पाइरहेको छैन । त्यसले गर्दा धेरै व्यक्तिहरूले विदाको अथवा अन्य यस्तै अवसर पारेर नियम विपरित घर निर्माण गर्ने गर्दछन् । एकचोटी घर बनाई सकेपछि भत्काउने भन्ने कुरा धेरै कठिन कार्य हो, यस्ता कति घर हामीले भत्काउन सकेको छौं त ? यस परिस्थितिमा हामीले वडो ध्यान पुऱ्याउनु पर्ने हुन्छ ।

युनेस्कोले दवाव दिदैमा आँखा चिम्लेर लाग्नु पर्छ भन्ने छैन । स्मारक क्षेत्रलाई खतरामा राख्न धम्की दिइरहने परिप्रेक्ष्यमा यिनीहरूको सहयोग तर्क संगत छ छैन विचार गर्नु पर्ने स्थिति छ । साथै हाम्रा स्मारक क्षेत्रहरूलाई विश्व सम्पदा सूचीमा राखेर मात्रै यसको महत्त्व बढेको हो त ? के विश्व सम्पदामा नराखेको भए विभिन्न राष्ट्रका पर्यटकहरू यसलाई हेर्न आउने थिएनन् ? अथवा आएर पनि आँखा चिम्लेर जाने थिए त ? युनेस्कोको नेपाल प्रवेश भन्दा पहिलेदेखि नै विश्वका पर्यटकहरू यहाँ आएर हाम्रा सम्पदाहरूको अवलोकन गरेर प्रशस्त मात्रामा यसका उल्लेख गरेको पाइएको छ । साथै दातृ संस्थावाट सम्पदा संरक्षणको नाममा आउने रकमको कति प्रतिशत संरक्षणमा खर्च हुन्छ र कति त्यहाँबाट आउने प्राविधिकहरूमा खर्च हुन्छ, के हामीले लेखाजोखा गर्न सकेका छौं ? आखिरमा यो रकम हाम्रै देशको नाउमा खर्च जनाइने त हो । साथै श्री ५ को सरकारको सहयोगको लागि भनेर भिसा सहुलियतमा आउने प्राविधिकहरू आफ्नो कार्य क्षेत्र भन्दा बाहिर संलग्न रहेर अन्य काम पनि गरिरहेका छन् । श्री ५ को सरकारले यसको मूल्याङ्कन, अनुगमन गर्नु पर्ने होइन र ? यो भनेर उनीहरूलाई मात्र दोष दिन लागिएको होइन । हामी आफै हाम्रो सम्पदा प्रति सचेत र जागरूक भएनौ भने संधै यसरी नै निरही भएर बस्नु पर्ने वाध्यता रहने छ ।

## देखा परेका समस्याहरू

स्मारकहरूको संरक्षण कार्यमा मुख्य रूपमा देखा परेका समस्याहरू हुन् ।

१) आर्थिक पक्ष

२) प्राविधिक पक्ष

३) कार्यान्वयन पक्ष

१) आर्थिक पक्षः- नेपाल अधिराज्यभरि छरिएर रहेका जीर्ण अवस्थामा रहेका कतिपय स्मारकहरूको अझसम्म पनि जीर्णोद्धार हुन सकेको छैन । पचहत्तर जिल्लामा रहेको विभिन्न स्मारकहरूको संरक्षण कार्यको लागि आर्थिक अनुदान सहयोग माग गर्दै पर्न आउने निवेदनहरू एक वर्षमा करीब तीन चार सय भन्दा बढी हुन्छ । तर प्राप्त निवेदन र विनियोजित रकम बीच सामञ्जस्य गर्न विभागलाई धेरै गाऱ्हो पर्ने हुँदा सबै निवेदनहरूलाई कार्यान्वयन गर्न विभाग असमर्थ छ । यसमा पनि जीर्णोद्धार कार्यमा नयाँ निर्माण भन्दा बढी रकम र समय लाग्ने हुन्छ ।

२) प्राविधिक पक्षः- २००९ सालमा स्थापना भएको यस विभागले लामो समयसम्म एकदम न्यून प्राविधिक जनशक्तिबाट जीर्णोद्धार कार्यहरू गर्ने गरेको थियो । केही वर्ष यतादेखि मात्र प्राविधिक जनशक्तिहरूमा केही वृद्धि गरिएको छ । तर पनि विभागले स्मारकहरूको संरक्षण मात्र होइन, उत्खनन् सर्भेक्षण आदि पनि गर्नु पर्ने सन्दर्भमा भएको जनशक्तिबाट पचहत्तर जिल्लामा काम गर्नु कठिनाई छ । कार्य क्षेत्र विस्तृत भएको तुलनामा जनशक्तिको विकास हुन नसक्दा एक जना प्राविधिकले बढी बढी काम हेर्नु पर्ने हुँदा प्राविधिकहरूलाई पनि धेरै गाऱ्हो छ । विभागको मात्र नभई अन्य कुनै पनि निकायबाट हुने काममा निवेदकको माग अनुसार प्राविधिक सहयोग दिने काम समेत विभागबाट गरिएको हुनाले भएको प्राविधिक जनशक्तिलाई कामको बोझ धेरै छ । यसको साथै परम्परागत शिप जान्ने दक्ष कालीगढहरू र परम्परागत निर्माण सामग्री तयार गर्ने कालीगढहरू पनि कम भएकोले त्यो समस्या आफ्नै ठाउँमा छ । पुरातत्त्व विभागले स्थापना कालपछि धेरै समयसम्म नगन्य रूपमा स्मारकहरूको संरक्षण कार्य गर्दै गरेको र सन् १९७३ देखि मात्र पहिलो पटक पुरातात्त्विक मापदण्ड अनुसार युनेस्को र पुरातत्त्व विभागबाट जीर्णोद्धार कार्य सुरू गरेको हो । त्यसबखत कालिगढहरू र परम्परागत निर्माण सामग्री तयार गर्ने कालिगढहरू कम भएको कारण शिप हराउँदै जाने डरले जीर्णोद्धार प्रक्रिया बारे Guide Book को रूपमा एउटा पुस्तक पनि तयार गरिएको थियो । जुन पुस्तक संरक्षण कार्यको लागि एउटा आधार रहेको छ । तुलनात्मक रूपमा हेर्ने हो भने अहिले जीर्णोद्धार कार्य बढ्दै गएको सन्दर्भमा यस क्षेत्रमा काम गर्ने कालीगढहरू सामान्य रूपमा बढेको देखिन्छ । यो शिपलाई निरन्तर दिनु पनि एक प्रकारको सम्पदा संरक्षण कार्य नै भएकोले श्री ५ को सरकारबाट यस प्रकारको शिप जान्ने दक्ष कालीगढहरूलाई

विशेष सुविधा दिनु आवश्यक छ ।

३) कार्यान्वयन पक्षः- स्मारक संरक्षण गर्दा विभागका प्राविधिक संलग्न भएका कार्यहरू मापदण्ड अनुसार संतोषजनक रूपमा भएको छ । अन्य निकायहरूबाट गरिने काममा पुरातात्त्विक मापदण्डलाई भन्दा पनि सजावटमा बढी ध्यान दिएको पाइएको छ । साथै काठ, चुना सुर्खी भन्दा डण्डी, सिमेन्ट बलियो हुन्छ भन्ने धारणा सत्य हो तर जुन आकर्षण काठ, ईटामा हुन्छ त्यो निश्चय पनि सिमेन्ट ढलानमा छैन भन्ने बारेमा बुझाउनु पनि धेरै गाह्रो छ । यसले गर्दा प्राविधिक रेखदेख गर्न पनि विभागलाई समस्या छ । दाताहरू ढुङ्गाको बदलामा Glazed टायल अथवा मार्वल लगाउने, झिंगटी राखे बलियो हुँदैन भनी ढलान गरी False झिंगटीको शो दिने, सुरक्षाको नाउँमा ग्रिल राख्ने आदि काम गर्ने परम्पराको विकास भइरहेको छ । मूर्ति अथवा देउतालाई ग्रिल भित्र राखेर मात्र सुरक्षित हुने होइन । पहिले जस्तै पाले, पहरा, सुसारे आदिको व्यवस्थालाई दुरूस्त राख्न सकेमा मन्दिरहरू ग्रिल लगाई मूर्तिलाई जेलमा राखे जस्तो राख्नु पर्ने स्थिति आउने थिएन । यसको लागि सम्वन्धित स्मारकहरूको चल अचल सम्पत्तिको लेखा जोखा गरी त्यसको पूर्ण सदुपयोग गर्न सबै लाग्नु पर्ने हुन्छ ।

जनसहभागितामा गरिने कामलाई बढी प्राथमिकता दिने श्री ५ को सरकारको नीति भए पनि त्यसको प्रतिफल सन्तोषजनक छैन । जनसहभागिताबाट काम गर्ने भनेको विभागको प्राविधिक रेखदेखको साथै स्थानीय जनता र श्री ५ को सरकारको संयुक्त लागनीबाट काम गर्ने हो । यो गर्नुको मुख्य उद्देश्य स्थानीय जनताहरूमा जिम्मेवारी बोध होस् र रेखदेख राम्रो होस् भन्ने उद्देश्य हो । यसरी गरिने कामहरू कुनै ठाउँमा राम्रोसंग र कुनै ठाउँमा त्यति सन्तोषजनक ढंगबाट काम भएको पाइएको छैन । तर जे भए तापनि सम्पदा संरक्षण गर्ने काम कुनै एउटा निकायको होइन, यसलाई समष्टिमा गर्नु पर्छ र सबैको सहयोग चाहिन्छ । सबै भन्दा बढी यस बारे प्रशस्त मात्रामा जनचेतना हुनुपर्छ र खासगरी यसमा संलग्न व्यक्तिहरू यस प्रति निष्ठावान र सक्षम (Sincerity and Credibility) हुन अति आवश्यक छ ।

अन्तमा हाम्रो संस्कृति सम्पदा हाम्रो गौरवको विषय हो । यसको संरक्षण सम्वर्द्धन र प्रवर्द्धन गर्नु सबैको दायित्व तथा कर्तव्य हो । यिनीहरूको संरक्षण सम्वर्द्धनबाट एकातिर राष्ट्रको अमूल्य निधिको जगेर्ना हुन्छ भने परोक्ष रूपमा पर्यटन उद्योगलाई टेवा पुऱ्याएको हुन्छ । तर विभागसंग भएको सीमित साधन र श्रोतले गर्दा अपेक्षा गरे अनुसार कार्य गर्न सकिएको छैन । दातृ संस्थाहरूको समेत आर्थिक तथा प्राविधिक सहयोगमा जीर्णोद्धारको पनि काम भएको छ तर जहिले पनि दातृ संस्था प्रति उन्मुख भएर बस्नु पनि राम्रो होइन । आफ्नो स्मारकहरूको संरक्षण गर्ने क्षमता आफैमा वृद्धि गर्दै जान सकेमा मात्र यो टिकाउ हुन सक्दछ । जे भए तापनि हाम्रो सम्पदा भनेको हाम्रो सबैको साझा सम्पत्ति हो । यसको संरक्षण तथा सम्वर्द्धनमा सबैको सहभागिता हुनु आवश्यक छ ।